श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०४४ सालको ऐन नं. १४

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

### नेपाल मेडिकल काउन्सिल ऐन, २०२० लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावनाः नेपाल मेडिकल काउन्सिल ऐन, २०२० लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "नेपाल मेडिकल काउन्सिल (पहिलो संशोधन) ऐन, २०४४" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. नेपाल मेडिकल काउन्सिल ऐन, २०२० को दफा २ मा संशोधनः नेपाल मेडिकल काउन्सिल ऐन, २०२० (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को,–

(१) खण्ड (क) पछि देहायको खण्ड (क१) र (क२) थपिएका छन्:–

"(क१) "अध्यक्ष" भन्नाले काउन्सिलको अध्यक्ष सम्झनुपर्छ ।

(क२) "सदस्य" भन्नाले काउन्सिलको सदस्य सम्झनुपर्छ"।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राखिएको छः–

"(ङ) "दर्ता किताब" भन्नाले यो ऐन अन्तर्गत चिकित्सकहरूको नाम दर्ता गर्न खडा गरिएको दर्ता किताब सम्झनु पर्छ।"

(३) खण्ड (झ) पछि देहायको खण्ड (ञ) थपिएको छः–

"(ञ) "तोकिएको वा "तोकिएबमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियम वा विनियममा तोकिएको वा तोकिएबमोजिम सम्झनु पर्छ।"

३. मूल ऐनको दफा ४ मा संशोधनः मूल ऐनको दफा ४ को सट्टा देहायको दफा ४ राखिएको छः–

"४. काउन्सिलको गठनः (१) दफा ३ बमोजिम स्थापना भएको काउन्सिलमा देहायका सदस्यहरू रहनेछन्ः–

(क) श्री ५ को सरकारबाट मनोनीत चिकित्सक– अध्यक्ष

(ख) दर्तावाला चिकित्सकहरूले आफूमध्येबाट तोकिएबमोजिम निर्वाचन गरेको चिकित्सक– उपाध्यक्ष

(ग) अध्यक्ष, नेपाल मेडिकल एसोसिएशन– सदस्य

(घ) डीन, चिकित्सा शास्त्र अध्ययन संस्थान, त्रिभुवन विश्वविद्यालय– सदस्य

(ङ) दर्तावाला चिकित्सकहरूमध्येबाट श्री ५ को सरकारबाट मनोनीत तीन जना चिकित्सकहरू– सदस्य

(च) नेपाल मेडिकल एसोसिएशनका सदस्यहरूले आफूमध्येबाट निर्वाचन गरेको एक जना चिकित्सक– सदस्य

(छ) दर्तावाला चिकित्सकहरूले आफूमध्येबाट तोकिएबमोजिम निर्वाचन गरेका आठ जना चिकित्सकहरू– सदस्य

(ज) राष्ट्रिय जीवनका विभिन्न क्षेत्रमा ख्याति प्राप्त गरेका वा राष्ट्रको विशेष सेवा गरेका व्यक्तिहरूमध्येबाट काउन्सिलले मनोनयन गरेको एक जना व्यक्ति– सदस्य

(२) श्री ५ को सरकारले चाहेमा काउन्सिलको परामर्श लिई नेपाल राजपत्रमा सूचना प्रकाशित गरी काउन्सिलको कुल सदस्य संख्या एक्काईसमा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६८५

नबढ्ने गरी समय-समयमा काउन्सिलको सदस्य संख्या बढाउन सक्नेछ । त्यसरी थप गरिने सदस्यहरूको पूर्ति निर्वाचन, मनोनयन वा पदेन नियुक्तिमध्ये कुन तरीकाबाट गरिने हो सो समेत सोही सूचनामा उल्लेख गरिनेछ ।

(३) काउन्सिलले आवश्यक देखेमा चिकित्सा क्षेत्रको कुनै स्वदेशी वा विदेशी विशेषज्ञलाई पर्यवेक्षकको रूपमा काउन्सिलको बैठकमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।"

४. मूल ऐनको दफा ५ मा संशोधनः मूल ऐनको दफा ५ को सट्टा देहायको दफा ५ राखिएको छः–

"५. सदस्यको पदावधिः (१) काउन्सिलका मनोनीत वा निर्वाचित सदस्यहरूको पदावधि चार वर्षको हुनेछ । पदावधि समाप्त भएपछि निजहरू पुनः मनोनीत वा निर्वाचित हुन सक्नेछन् ।

(२) पदावधि समाप्त नहुँदै कुनै सदस्यको पद रिक्त हुन आएमा बाँकी अवधिको लागि अर्को सदस्य मनोनीत वा निर्वाचित हुनेछ ।"

५. मूल ऐनको दफा ६ मा संशोधनः मूल ऐनको दफा ६ को सट्टा देहायको दफा ६ राखिएको छः–

"६. सदस्यको निमित्त अयोग्यताः देहायको कुनै व्यक्ति काउन्सिलको सदस्यमा मनोनीत वा निर्वाचित हुन वा सदस्यमा बहाल रहन अयोग्य मानिनेछः–

(क) गैर नेपाली नागरिक,

(ख) दर्ता किताबबाट नाम हटाइएको,

(ग) नैतिक पतन देखिने फौज्दारी अभियोगमा अदालतबाट कसूरदार ठहरी सजाय पाएको,

(घ) एम. बी. बी. एस. वा सो सरह उपाधि प्राप्त गरेको मितिले पाँच वर्ष पूरा नभएको ।

तर यो खण्डमा तोकिएको अयोग्यता दफा ४ को उपदफा (१) को खण्ड (ख), (च) र (छ) बमोजिम निर्वाचित हुने सदस्यको हकमा मात्र लागू हुनेछ ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६. मूल ऐनको दफा ७ मा संशोधन : मूल ऐनको दफा ७ को सट्टा देहायको दफा ७ राखिएको छः–

"७. सदस्यता समाप्त हुने अवस्थाः देहायको अवस्थामा काउन्सिलको सदस्यता समाप्त भएको मानिनेछः–

(क) मृत्यु भएमा,

(ख) दफा ६ बमोजिम सदस्य रहन अयोग्य भएमा,

(ग) सदस्यको पदबाट दिएको राजीनामा स्वीकृत भएमा,

(घ) काउन्सिललाई कारण सहितको सूचना नदिई लगातार तीन पटकभन्दा बढी काउन्सिलको बैठकमा अनुपस्थित भएमा।

तर, काउन्सिलले कुनै सदस्यलाई बढीमा छ महिनासम्म काउन्सिलको बैठकबाट अनुपस्थित रहनसक्ने गरी अनुमति दिन सक्नेछ ।"

७. मूल ऐनको दफा १३ मा संशोधनः मूल ऐनको दफा १३ को,–

(१) उपदफा (२) मा रहेको "रजिष्टर्ड" भन्ने शब्दको सट्टा "दर्तावाला" भन्ने शब्द राखिएको छ ।

(२) उपदफा (३) मा रहेका "सरकारी कागजात" भन्ने शब्दहरूपछि "सरह" भन्ने शब्द थपिएको छ ।

८. मूल ऐनको दफा १७ मा संशोधनः मूल ऐनको दफा १७ को उपदफा (२) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः–

"तर यस ऐनबमोजिम दर्ता किताबबाट नाम हटाइएकोमा त्यसरी नाम हटाइएको कम्तीमा दुई वर्षको अवधि व्यतीत नभई यस उपदफा बमोजिम पुनः निजको नाम दर्ता गरिनेछैन ।"

९. मूल ऐनको दफा २० मा संशोधनः मूल ऐनको दफा २० को सट्टा देहायको दफा २० राखिएको छः–

"२०. दर्ता किताबबाट नाम हटाउनेः देहायको अवस्थामा जाँचबुझ गरी प्रतिवेदन पेश गर्न काउन्सिलले पाँच जना दर्तावाला चिकित्सकहरू भएको एक जाँचबुझ समिति गठन गर्नेछ र त्यस्तो समितिले दिएको प्रतिवेदनको आधारमा काउन्सिलले त्यस्ता व्यक्तिको नाम दर्ता किताबबाट हटाउन सक्नेछः–

(क) धोखा वा गल्तीले कुनै व्यक्तिको नाम दर्ता किताबमा दर्ता भएको,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६५९

(ख) कुनै दर्तावाला चिकित्सक मानसिक अस्वस्थताको कारणले चिकित्सासम्बन्धी व्यवसाय गर्न असमर्थ भएको ।"

१०. मूल ऐनको दफा २१ मा संशोधनः मूल ऐनको दफा २१ को सट्टा देहायको दफा २१ राखिएको छः–

"२१. श्री ५ को सरकारले मान्यता दिनेः (१) काउन्सिलको सिफारिशमा श्री ५ को सरकारबाट मान्यता प्राप्त चिकित्सा शास्त्रसम्बन्धी डिग्री, डिप्लोमा, प्रमाणपत्र वा अन्य उपाधिहरू अनुसूचीमा तोकिएबमोजिम हुनेछ ।

(२) चिकित्सा शास्त्रसम्बन्धी विदेशी संस्थाबाट प्राप्त डिग्री, डिप्लोमा, प्रमाणपत्र वा अन्य उपाधि प्राप्त गर्ने व्यक्तिले त्यस्तो उपाधिको मान्यताको लागि तोकिएबमोजिम श्री ५ को सरकार समक्ष निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम परेको निवेदन उपर श्री ५ को सरकारले काउन्सिलको परामर्श लिई त्यस्तो डिग्री, डिप्लोमा, प्रमाणपत्र वा उपाधिलाई मान्यता प्रदान गर्न सक्नेछ । यसरी मान्यता प्रदान गरेको डिग्री, डिप्लोमा, प्रमाणपत्र वा उपाधिलाई अनुसूचीमा समावेश गरिनेछ ।"

११. मूल ऐनको दफा २६ मा संशोधनः मूल ऐनको दफा २६ को,–

(१) उपदफा (२) झिकिएको छ ।

(२) उपदफा (३) मा रहेको "पहिलो पटक रू. दुई सयसम्म र दोस्रो पटकदेखि प्रत्येक कसूरको निमित्त रू. पाँच सयसम्म जरिवाना हुनेछ ।" भन्ने वाक्यांशको सट्टा "तीन वर्षसम्म कैद वा तीन हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।" भन्ने वाक्यांश राखिएको छ ।

१२. मूल ऐनको दफा २७ मा संशोधनः मूल ऐनको दफा २७ को उपदफा (२) मा रहेको "पहिला पटक रू. ५००।– पाँच सयसम्म जरिवाना र दोस्रो पटकदेखि प्रत्येक कसूरको निमित्त बढीमा रू. १,०००।– एक हजारसम्म जरिवाना हुनेछ ।" भन्ने वाक्याँशको सट्टा "तीन वर्षसम्म कैद वा तीन हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।" भन्ने वाक्यांश राखिएको छ ।

१३. खारेजीः मूल ऐनको दफा २२,२३ र २४ खारेज गरिएका छन् ।

१४. रूपान्तरः मूल ऐन र मूल ऐन अन्तर्गत बनेको नियममा प्रयोग भएको "रजिष्टर" भन्ने शब्दको सट्टा "दर्ता किताब" भन्ने शब्द राखी रूपान्तर गरिएको छ ।

लालमोहर सदर मितिः– २०४४।६।६

आज्ञाले,
ईश्वरबहादुर श्रेष्ठ
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।